# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७६ जेठ १

### विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर ।
### मिडिया काउन्सिल सम्बन्धी विधेयक उपर आयोगको ध्यानाकर्षण

नेपाल सरकारबाट मिति २०७६/१/२७ गते संसदमा दर्ता गरिएको मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसै सन्दर्भमा आयोगले पत्रकार महासंघका प्रतिनिधिहरुसँग छलफल गरेको छ । सोक्रममा मिडिया काउन्सिलको गठन प्रक्रियाले यसको स्वायत्ततामा प्रतिकूल असर पुर्‍याउने र आचार संहिता उल्लंघन भएको भनी आफैं जाँचबुझ गर्ने, आफैं दण्ड जरीवाना गर्ने र आफैं क्षतिपूर्ति तोक्ने व्यवस्था विश्व प्रचलित न्यायिक मूल्य र मान्यता प्रतिकूल रहेको र दण्ड जरीवाना न्यायिक तथा अर्धन्यायिक निकायले मात्र गर्न सक्ने सिद्धान्त प्रतिकूल प्रस्तावित विधेयकमा प्रावधान राखिएकोमा आयोगको ध्यानाकृष्ट गराएका थिए ।

प्रेस स्वतन्त्रता, मानव अधिकार र विधिको शासन लोकतन्त्रको अभिन्न अंगको रुपमा रहेको हुन्छ । नेपालको संविधान, २०७२ को प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा १९ तथा नेपालको संविधानको धारा १७ (२, क) ले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरेको छ । स्वतन्त्र, उत्तरदायी र मर्यादित पत्रकारिताले जवाफदेहिताको सृजना, मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउँदछ । मानव अधिकारको प्रभावकारी संरक्षण र संवर्द्धनबाट नै लोकतन्त्र बलियो हुन्छ । नियमन अनुचित होइन तर नियमनको नाममा नियन्त्रण गर्नु मानव अधिकारको मूल्य मान्यता अनुकूल हुन सक्दैन ।

प्रेस स्वतन्त्रतालाई अनुगमन र नियमन गर्ने प्रस्तावित काउन्सिल स्वतन्त्र र सक्षम भएमा मात्र लोकतन्त्रको मर्यादा रही मानव अधिकार संस्कृति बलियो हुन्छ । प्रचलित प्रेस काउन्सिल ऐन, २०४८ का प्रभावकारी व्यवस्थामा अकारण परिवर्तन गरी यसको स्वायत्ततामा अंकुश लगाउन खोज्नु मानव अधिकारको आधारभूत मान्यता तथा अभिव्यक्ति स्वतन्त्रता प्रतिकूल हुन जाने आयोगको निष्कर्ष छ ।

अतः प्रस्तावित मिडिया काउन्सिल विधेयकका प्रावधानलाई लोकतन्त्र र मानव अधिकारका मूल्य मान्यता अनुरुप बनाउने सन्दर्भमा सम्बन्धित सरोकारवालासँगको परामर्श तथा छलफलबाट परिमार्जन गरी नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने वातावरण सृजना हुन नदिन आयोग सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

२०७६।१।३१

वेद भट्टराई
सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal

Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org